नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

आज मिति २०७८/०३/०६ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा मुख्य सचिवज्यूको अध्यक्षतामा विस्तारित उच्च व्यवस्थापन समूहको बैठक सम्पन्न भएको छ। उक्त बैठकमा विगतमा भएका निर्णयको समीक्षा गर्दै बेरुजू फछ्र्यौट, चालु र आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था र तयारी एवम् अन्य विविध बिषयमा छलफल भएको छ।

मुख्यसचिवले सार्वजनिक निकायहरुमा बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकता दिएतापनि अपेक्षित नतिजा हासिल हुन नसकेकोले यसका लागि निकायका प्रमुख र प्रशासन प्रमुखले आर्थिक अनुशासन कायम गर्नका लागि उच्च प्राथमिकता दिनुपर्ने बताउनु भएको छ। साथै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय र अन्तर्गतका निकायहरू बेरुजु फछ्र्यौटमा उदाहरण बन्नु पर्ने बताउदै असार मसान्तसम्म बेरुजु फछ्र्यौटमा तदारुकता देखाउन समेत निर्देशन दिनुभएको छ। चालु आर्थिक वर्ष को पूँजीगत खर्च न्यून देखिएको हुँदा असार मसान्त भित्र खर्च गर्न विशेष ध्यान दिने, आगामी आर्थिक वर्षको योजना तथा बजेट कार्यान्वयनको माइल स्टोन समयमा नै तयार गरी नीति तथा कार्यक्रम नातिजमुलक, रुपान्तरणकारी र विकासको दूरगामी सोंचअनुरुप कार्ययोजना बनाई कार्यान्वयनको व्यवस्था मिलाउने बिषयमा निर्देशन दिनुभएको छ। आर्थिक वर्ष ०७८/७९ को बजेट कार्यान्वयनको सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयले आर्थिक क्षेत्र, पूर्वाधार क्षेत्र, सामाजिक क्षेत्र र शासकीय क्षेत्रको क्लष्टर अनुसार प्रस्तुतिकरणको व्यवस्था मिलाउने समेत निर्देशन दिनुभएको छ।

उक्त बैठकमा मुख्य सचिवज्यूबाट राष्ट्रिय आयोजना बैंकलाई मापदण्डमा आधारित बनाई नियमित रुपमा अध्यावधिक गर्ने, राष्ट्रिय गौरव र रुपान्तरणकारी आयोजनाहरूको कार्यान्वयनलाई तीव्रता दिन जग्गा प्राप्ति, वातावरणीय प्रभाव मुल्यांकन, जनशक्ति व्यवस्थापन र खरिद प्रक्रिया सम्बन्धी गरी अधिकार सम्पन्न उच्चस्तरीय संयन्त्र निर्माण गर्ने लगायतका बिषयमा निर्देशन भएको छ। राष्ट्रिय गौरवका आयोजनाको अनुगमन र फलोअपको संयन्त्र बनाई प्रभावकारी अनुगमन हुनुपर्नेमा जोड दिनुभएको छ।

मुख्यसचिवज्यूबाट सार्वजनिक निकायहरुले काम गर्ने परिपाटीमा परिवर्तन गर्ने, विस्तारित उच्च व्यवस्थापन समूह र सचिव बैठकमा आवश्यक तयारी सहित अनिवार्य रुपमा उपस्थित हुने व्यवस्था मिलाउने, राष्ट्रिय सतर्कता केन्द्रको भूमिकालाई थप सशक्त बनाउने, सबै मन्त्रालय तथा मातहतका निकायहरूले सुशासन प्रवर्द्धन, गुनासो व्यवस्थापन र उजुरी फछ्र्यौटलाई प्राथमिकता राख्ने, यस कार्यालयले नीति, योजना तथा बजेट कार्यान्वयन बिशेष ध्यान दिई अनुगमन तथा मुल्यांकनमा भूमिका विस्तार गरी बजेटको उद्देश्य अनुसार समयमा नै कार्यान्वयन हुने व्यवस्था मिलाउन निर्देशन भएको छ।

२०७८/०३/०६

किरणराज शर्मा
प्रवक्ता

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np